# निजगढ राजपत्र


## निजगढ नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः ४** **मितिः २०८१/१०/०९**


**भाग २**

## निजगढ नगरपालिका

## निजगढ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः**

निजगढ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी निजगढ नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " निजगढ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२.निजगढ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ को उपदफा (३) मा संसोधनः** निजगढ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) राखिएको छ :-

(क) लिखित परिक्षा वापत - ५० अङ्क

(ख) प्रयोगात्मक परीक्षा वापत - १० अङ्क

(ग) स्थानीय बासिन्दा भए - १० अङ्क

(घ) अन्तरवार्ता वापत - ३० अङ्क

**आज्ञाले**

अजय बतौंला

प्रमुख प्रशासकीय अधिकृत